# सशस्त्र प्रहरी र भारतीय सुरक्षा बलबीच समन्वयात्मक बैठक




सौर्य समाचार

कञ्चनपुर । सशस्त्र प्रहरी बल नेपाल र भारतीय सशस्त्र सीमा सुरक्षा बलका बाहिनीस्तर (डिआइजी तह) को समकक्षी समन्वायात्मक बैठक भारतको उत्तराखण्डस्थित चम्पावतमा सम्पन्न भएको छ । बिहीबार सम्पन्न बैठकमा आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको सन्दर्भमा सीमा क्षेत्रमा हुनसक्ने अवैध घुसपैठ, चोरी निकासी, लागुऔषध ओसार पसार नियन्त्रणसम्बन्धी छलफल भएको सशस्त्र प्रहरी बलले जनाएको छ । निर्वाचनका समयमा हुनसक्ने निर्वाचनविरोधी क्रियाकलाप, अवैध घुसपैठ रोक्न तथा मौन अवधिभर हुने सीमानाका बन्दको प्रभावकारिता, सम्भावित अवैध तथा गैरकानुनी गतिविधिको सुक्ष्म निगरानी गरी सूचना आदानप्रदान एवं त्यस्ता गतिविधि नियन्त्रण गर्न दुवै पक्ष सहमत भएका छन् ।

बैठकमा निर्वाचनका समयमा हुने सम्भावित सुरक्षा चुनौतीलाई सम्बोधन गर्न सयुक्त र समानान्तर सीमा गस्तीलाई सशक्त बनाउनुका साथै सुरक्षा व्यवस्थालाई चुस्त एवं दुरुस्त पार्ने सम्बन्धमा समेत छलफल भएको जनाइएको छ । सीमा क्षेत्रमा हुने अवैध गतिविधि, तेस्रो देशका नागरिकको अनधिकृत प्रवेश, लागुऔषध ओसारपसार, मानव बेचबिखन, जाली नोट कारोबार, हतियार तथा नगदको तस्करी नियन्त्रणका लागि निरन्तर एवं घनिष्ठ सहकार्य गर्नका लागि आ-आफ्ना मातहतका युनिटलाई निर्देशन दिने सहमति भएको थियो ।

समन्वयात्मक बैठकमा सशस्त्र प्रहरी बल, नेपाल नं ७ वैद्यनाथ बाहिनी मुख्यालय अत्तरियाका निमित्त बाहिनीपति सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक दिगविजय सुवेदी नेतृत्वको प्रतिनिधिमण्डल सहभागी भएको थियो । भारतीय सीमा सुरक्षा बलका तर्फबाट सेक्टर हेडक्वाटर अल्मोरा र पिलिभितका डिआईजद्धय सुधान्सु नौटियाल र अनिलकुमार शर्मालगायत सुदूरपश्चिम प्रदेशसँग सीमा क्षेत्रमा कार्यरत रहेका भारतीय समकक्षी सशस्त्र सीमा बलका सबै रेजिमेन्ट प्रमुखको उपस्थिति रहेको थियो ।

# महानगरका १० वटा वडाभित्रका ५०९ स्थानमा प्राचीन नाम पहिचान

सौर्य समाचार

काठमाडौं । काठमाडौं महानगरपालिकाले १० वटा वडाभित्रका ५०९ वटा स्थानका प्राचीन र मौलिक नाम निश्चित भएको जनाएको छ । सम्पदा तथा पर्यटन विभागले एकीकृत सहरी विकास केन्द्रसँगको सहकार्यमा यसअघि २ चरणमा गरेको अध्ययनबाट ४३० वटा मूल नाम र ७९ वटा सहायक नाम यकिन गरेको कामपा सम्पदा तथा पर्यटन विभागकी प्रमुख कुमारी राईले जानकारी दिइन् । त्यसैगरी, तेस्रो चरणमा थप ८ वटा वडाको मौलिक र प्राचीन नाम अध्ययन गर्ने सम्झौता अवसरमा यससम्बन्धी जानकारी दिइएको हो । तेस्रो चरणको अध्ययनका लागि कार्यवाहक प्रमुख सुनिता डंगोल, प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईं र सम्पदा तथा पर्यटन समितिका संयोजक आशामान संगतको रोहबरमा सम्पदा तथा पर्यटन विभागका प्रमुख कुमारी राई र एकीकृत सहरी विकास केन्द्रका कार्यकारी निर्देशन रिजा जोशीले हस्ताक्षर गरेका हुन् ।

यस चरणमा वडा-१२, १३, १५, २१, २२, २३, २७ र २८ का बस्ती तथा स्थानको मौलिक नामको अध्ययन गरिने राईले जानकारी दिइन् । सम्झौता अवसरमा कावा डंगोलले, नाम केवल बोलाउनका लागि प्रयोग गरिने शब्द मात्र नभएको उल्लेख गरिन् । 'हरेक नामको पछाडि केही न केही तथ्य हुन्छ । इतिहास, संस्कृति, सभ्यता तथा समाजको कथा हुन्छ । यसकारण नाम राख्ने र प्रचलनमा ल्याउने कामलाई हलुका रूपमा लिन हुँदैन,' नामसम्बन्धी परिचय पाटी राख्ने विषय उठाउँदै उनले भनिन्, 'परिचय पाटी राख्दा दृश्य प्रदूषण हुनेगरी नराख्नुहोला । सकेसम्म पहिलेकै ठाउँमा राख्नुहोला । नत्र भए हेर्दा आँखा नबिझाउने, अरूलाई असर नपार्ने ठाउँमा राख्नुहोला ।'

विभागकी प्रमुख राईका अनुसार यसअघि पहिलो चरणमा वडा-५, ६, ७, १८, २४ को र दोस्रो चरणमा वडा-८, १७, १९, २०, र २५ मा अध्ययन भइसकेको छ । अध्ययनका क्रममा वडाभित्र भएका धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक महत्त्वमा आधारित स्थान तथा बस्तीको मौलिक एवं प्राचीन नामकरणसम्बन्धी अध्ययन तथा अभिलेखीकरण भएको उनले जानकारी दिइन् । अध्ययनका क्रममा धार्मिक, सांस्कृतिक र ऐतिहासिक महत्त्व भएका टोल, बस्ती, मठमन्दिर, वहाल, वही, धारा, सत्तल, पाटीहरूको अध्ययनबाट प्राचीन नाम पत्ता लगाइन्छ ।

## हरित अर्थतन्त्रमा दलहरूको दृष्टिकोण

# वन संरक्षणदेखि उपभोगसम्मका प्रतिस्पर्धी एजेन्डा

प्रकृति ढकाल

काठमाडौं । आसन्न प्रतिनिधिसभा सदस्यको निर्वाचन नजिकिँदै गर्दा प्रमुख राजनीतिक दलहरूले हरित अर्थतन्त्रलाई चुनावी 'एजेन्डा'को केन्द्रमा राखेर निर्वाचनको प्रचारप्रसारमा व्यस्त छन् । वन संरक्षण, दिगो उपयोग, रोजगारी सिर्जना, कार्बन व्यापार र जलवायु अनुकूलनका कार्यक्रममार्फत मतदातालाई आकर्षित गर्ने प्रयास भइरहेको छ । मुख्य दलले घोषणापत्रमार्फत वन संरक्षण र वनको दिगो उपयोगबाट मुलुकको आर्थिक समृद्धि गर्ने वाचा दोहोऱ्याएका छन् । नेपाली कांग्रेसले वनमा आधारित जैविक अर्थतन्त्र, जडीबुटीको मूल्य अभिवृद्धि र स्वदेशी काठको अनिवार्य प्रयोगमार्फत आयात प्रतिस्थापन गर्ने योजना अघि सारेको छ । कांग्रेसले वनलाई संरक्षणसँगै आर्थिक समृद्धिको आधारका रूपमा प्रस्तुत गरेको छ ।

नेकपा (एमाले) ले न्यूनतम ४५ प्रतिशत वन क्षेत्र सुरक्षित गर्ने, सघन वन विस्तार गर्ने र नेपाललाई कार्बन न्यूट्रल देश बनाउने दीर्घकालीन लक्ष्य सार्वजनिक गरेको छ । नेपाली कम्युनिष्ट पार्टी (नेकपा) ले जमिन, जल, जंगल र खनिजको विवेकसम्मत प्रयोग गर्दै उत्पादन र रोजगारी वृद्धि गर्ने नीति अघि सारेको छ । त्यसैगरी राष्ट्रिय स्वतन्त्र पार्टीले वैज्ञानिक वन उपयोग योजना र कार्बन व्यापारलाई प्राथमिक आर्थिक गतिविधिका रूपमा विकास गर्ने घोषणा गरेको छ । अब जानौं मुख्य दलका घोषणा :

### हरित अर्थतन्त्रमार्फत रोजगारी र दिगो वन व्यवस्थापन गर्ने कांग्रेसको प्रतिज्ञा

कांग्रेसले ल्याएको एजेन्डाका संगालोलाई प्रतिज्ञा नाम दिइएको छ । उक्त प्रतिज्ञामा वनमा आधारित जैविक र वृत्ताकार अर्थतन्त्रलाई बढावा दिँदै जडीबुटीको मूल्य अभिवृद्धि र 'फोहोर शून्य' सहरको अवधारणा कार्यान्वयन गर्ने विषयलाई जोड दिइएको छ । 'आगामी ५ वर्षमा नेपाली कांग्रेसले निजी क्षेत्रको सहभागिता सुनिश्चित गर्दै प्राकृतिक स्रोतको दिगो विकासमार्फत राष्ट्रिय वृद्धि, ग्रामीण सशक्तीकरण र पर्यटन तथा आर्थिक अवसरका समान पहुँच सुनिश्चित गर्दै यस क्षेत्रबाट वार्षिक १ लाखभन्दा बढी रोजगारी सिर्जना गर्न प्रतिबद्धता व्यक्त गर्दछ,' प्रतिज्ञामा उल्लेख छ, 'वन तथा वन्यजन्तु व्यवस्थापन र संरक्षण : वन हाम्रो सम्पत्ति, भविष्य हाम्रो दायित्व । दिगो वन व्यवस्थापन र वन्यजन्तु संरक्षणलाई राष्ट्रिय प्राथमिकताका रूपमा अगाडि बढाउँदै वन व्यवस्थापन, वनजन्तु पालनमा आदिवासी, स्थानीय समुदाय, वातावरण र अर्थतन्त्र सन्तुलनमा जोड दिने नीति अपनाउने छौं । यसले प्राकृतिक स्रोतको संरक्षण, आय वृद्धि र पर्यटन प्रवर्द्धनमा योगदान पुऱ्याउने छ ।'

दिगो वन व्यवस्थापनलाई बजारसँग जोड्दै वन उत्पादनको माग र आपूर्ति बढाइ सार्वजनिक पूर्वाधार निर्माणमा स्वदेशी काठ र बाँसजन्य सामग्रीको प्रयोग अनिवार्य गर्ने नेपाली कांग्रेसले घोषणा गरेको छ । त्यसैगरी स्थानीय स्रोत र परम्परागत सीपबाट निर्मित वस्तुलाई आधुनिक प्रविधि र डिजाइनमार्फत बजारयोग्य बनाउने र स्वदेशी कच्चा पदार्थमा आधारित निर्यातमुखी उद्योगलाई कर छुट तथा सहुलियतपूर्ण कर्जाको व्यवस्था गर्नेसमेत उल्लेख छ । कांग्रेसको घोषण अनुसार वन डढेलो घटाउन पात-पतिंगर र सुकेका काठ संकलन गरी प्रांगारिक मल, कागज, बायोचार वा ब्रिकेट उत्पादन गर्ने उद्यमलाई प्रोत्साहन गर्ने तथा स्वदेशी काठ जंगलमै हुँदा विदेशबाट काठ र आल्मुनियम आयात हुने विसंगतिलाई रोक्दै सुपथ मूल्यमा काठ उपलब्ध गराई आयात



प्रतिस्थापन गरिने छ ।

'निजी वन तथा जडीबुटीको खेती विस्तारका लागि गुणस्तरीय नर्सरी र बिरुवा आपूर्ति गर्छौं । वन क्षेत्रले कृषि, पर्यटन, ऊर्जा र जलवायु परिवर्तन, विपद् जोखिम न्यूनीकरण र स्थानीय जीविकोपार्जनमा पार्ने सकारात्मक प्रभावलाई राष्ट्रिय लेखामा समावेश गर्ने छौं,' प्रतिज्ञामा भनिएको छ ।

### एक सामुदायिक वन-एक वन उद्यमको अवधारणा कार्यान्वयन गर्ने एमालेको घोषणा

एमाले आगामी निर्वाचनका लागि अगाडि सारेको आफ्ना एजेन्डाका संगालोलाई घोषणापत्र नाम दिइएको छ । उक्त घोषणापत्रमा न्यूनतम ४५ प्रतिशत हरियाली वन क्षेत्र सुरक्षित गर्ने र वन क्षेत्रलाई सघन वन क्षेत्रमा रूपान्तरण गर्ने, जैविक विविधता तथा पर्यावरण प्रणालीको दिगो संरक्षण गर्ने र जलवायु परिवर्तनका असर कम गर्ने गरी रणनीति तर्जुमा गरिने उल्लेख छ । काठ उत्पादनमा आत्मनिर्भर बन्ने लक्ष्यका साथ वनको संरक्षण, विकास र उपयोग गरिने र काष्ठ, गैरकाष्ठ र फलफूलका बिरूवा देशव्यापीरूपमा रोप्ने र संरक्षण गर्ने अभियान सञ्चालन गरिने छ ।

यसका लागि योजनाबद्ध ढंगले नर्सरीको विकास गरिने घोषणा गरिएको छ । 'वन जंगलको संरक्षण, प्रवर्द्धन र सही उपयोग गर्दै वातावरणीय सन्तुलन कायम गरिने छ । जैविक विविधताको संरक्षण र विकास गरिने छ । नेपाललाई कार्बन न्यूट्रल देशमा रूपान्तरण गर्ने अभियानलाई अघि बढाइने छ,' घोषाणापत्रमा भनिएको छ, 'नेपालमा मात्र पाइने दुर्लभ वन्यजन्तु तथा हुर्कन सयौं वर्ष लाग्ने जातिका रूख भएको वन संरक्षणका लागि विशेष कार्यक्रम लागू गरिने छ । वन, फलफूल, जडीबुटी तथा कृषिजन्य वनपैदावारको खेती विस्तार र बजार प्रवर्द्धन गरिने छ ।'

घोषणाअनुसार जडीबुटी तथा वनजन्य उद्योग विकास गर्न पूर्वाधार निर्माण गरी तिनमा निजीक्षेत्रको लगानी आकर्षित गरिने र एक सामुदायिक वन-एक वन उद्यमको अवधारणा कार्यान्वयन गरिने छ । सार्वजनिक निकायमा स्वदेशी काठ एवं फर्निचर प्रयोग गर्ने नीति लिइएको छ । जमिनको उपलब्धताको आधारमा प्रत्येक जिल्लामा नमूना कृषि वन तथा निजी वनको विकास र संरक्षणको व्यवस्था गरिने एमालेको नीति छ ।

### वनलाई रोजगारी जोडिने नेकपाको घोषणा

नेपाली कम्युनिस्ट पार्टी (नेकपा) घोषणापत्रमा जमिन, जल, जंगल र खनिजको विवेकसम्मत प्रयोग गरिने उल्लेख छ । वनको पूर्ण उपयोग गरी गुणस्तर अभिवृद्धि गर्दै पुनर्विकास गरिने नेकपाको योजना छ । स्रोत-साधनलाई उत्पादन, रोजगारी र गरिबी निवारणसँग जोडिनेछ ।

### वन व्यवस्थापन र उपयोगसम्बन्धी स्पष्ट कानुन तथा नीतिगत पुनरावलोकन गर्ने रास्वपाको घोषणा

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले वन क्षेत्र र त्यसबाट प्राप्त हुने उत्पादनले अर्थतन्त्रमा वृहत्तर योगदान पुऱ्याउने गरी वन व्यवस्थापन र उपयोगसम्बन्धी स्पष्ट कानुन तथा नीतिगत पुनरवलोकन गर्ने घोषणा गरेको छ । 'चरन क्षेत्रको विकास, मासुजन्य पशुपक्षीपालन, आवश्यक पूर्वाधार विकास, आवास तथा घर-भवन निर्माणमा काठको व्यवस्थित उपयोग, आयत प्रतिस्थापन, उद्योगका लागि कच्चा पदार्थको आपूर्ति, जडीबुटी तथा आयुर्वेदिक औषधि उत्पादन, पर्यटन, काठ उत्पादन तथा बिक्री र कार्बन व्यापारलाई प्रमुख आर्थिक गतिविधिका रूपमा लिई आर्थिक र रोजगारीमा योगदान पुराउने गरी क्षेत्रगत तहमा वैज्ञानिक वन तथा चरन क्षेत्र उपयोग योजना बनाउनेछौं,' रास्वपाको बाचापत्रमा भनिएको छ । सामुदायिक तथा राष्ट्रिय वनको सुरक्षाका लागि 'वन डढेलो उच्च-सतर्कता केन्द्र' स्थापना गरी ड्रोन र स्याटेलाइट प्रविधिमार्फत् डढेलोको वास्तविक समय (रियल टाइम) मा निगरानी र नियन्त्रण गर्ने आधुनिक संयन्त्र परिचालन गर्ने पनि उक्त पार्टीले उल्लेख गरेको छ । साथै पोर्टेबल पम्प र सुरक्षा उपकरणलाई वन क्षेत्र भएका प्रत्येक वडामा वितरण गरी व्यापक अग्नि नियन्त्रण प्रशिक्षण दिने र अग्नि नियन्त्रणमा ड्रोनको परीक्षण तथा अनुसन्धान गराउने रास्वपाको घोषणा रहेको छ ।

### वनलाई समृद्धिको आधार बनाउने एजेन्डा कार्यान्वयनयोग्य छ : वनविद्

वन क्षेत्रलाई स्रोतका रूपमा उपयोग गरेर राष्ट्रिय समृद्धिको आधार बनाउन सकिने बताउँदै वनविद् डा.राजेश राईले यसको कार्यान्वयन असम्भव नभएको स्पष्ट पारेका छन् । उनका अनुसार विगतमा वन व्यवस्थापनको संरचना तयार भए पनि प्रभावकारी कार्यान्वयनमा कमजोरी देखिएको थियो । डा.राईले यसपटक अझै राजनीतिक दलले वन क्षेत्रलाई प्राथमिकतामा राखेको उल्लेख गर्दै यसलाई सकारात्मक संकेतका रूपमा व्याख्या गरे । 'वनलाई स्रोत मानेर समृद्धिको आधार बनाउन सकिन्छ । कार्यान्वयन गर्न असम्भव छैन,' उनले भने, 'कम खर्चमा परिणाम दिनसक्ने क्षेत्र भएकाले बजेटका हिसाबले पनि यो उपयुक्त क्षेत्र हो ।'

उनका अनुसार वन क्षेत्रलाई बजारसँग प्रभावकारी रूपमा जोड्न सकेमा ठुलो आर्थिक सम्भावना खुल्नेछ । तर रोयल्टी, राजस्व दर र मूल्य निर्धारणका विषयमा भने चुनौती रहेको राईको भनाइ छ । 'हामी वन जंगलको धनीमुलुक भए पनि विदेशबाट काठ आयात भइरहेको अवस्था छ,' राईले भने, 'आल्मुनियम र फलामे पाताजस्ता प्रतिस्थापन सामग्रीसँग काठलाई प्रतिस्पर्धी बनाउन राजस्व प्रणालीमा पुनरवलोकन आवश्यक छ ।' उनका अनुसार वनको व्यवस्थापन मात्र पर्याप्त हुँदैन, व्यवहारिक कार्यान्वयनमा जोड दिनुपर्छ । डा.राईले वन क्षेत्रलाई दीर्घकालीन आर्थिक रूपान्तरणको आधार बनाउन सकिने उल्लेख गर्दै नीति र व्यवहारबीचको खाडल अन्त्य गर्न राजनीतिक दल गम्भीर हुनुपर्ने बताए ।

### विगतको तुलनामा सुधार आएको छ : फेकोफन

सामुदायिक वन उपभोक्ता महासंघ (फेकोफोन) का अध्यक्ष ठाकुर भण्डारीले विगतका तुलनामा यसपटक विभिन्न राजनीतिक दलले ल्याएका घोषणात्रमा सामुदायिक वनलाई प्राथमिकता दिएको बताए । उनले सामुदायिक वनलाई बाइपास गरेर कोही अगाडि बढ्न नसक्ने र सामुदायिक वनको संरक्षण र व्यवस्थापनमा राजनीतिक दलहरूको सक्रिय प्रतिबद्धता र कार्यान्वयन दुवै आवश्यक रहेकोमा जोड दिए ।

## प्रधानमन्त्रीसँगको भेटमा चिनियाँ राजदूतले भने-

# निर्वाचनमा चीनको साथ र सहयोग निरन्तर रहन्छ

सौर्य समाचार



काठमाडौं । प्रधानमन्त्री सुशीला कार्कीसँग नेपालका लागि चीनका राजदूत चाङ माओमिङले शुक्रबार भेट गरेकी छन् । त्यस अवसरमा उनीहरूबीच नेपाल-चीन सम्बन्धका विविध पक्षबारे विचारविमर्श भएको थियो । प्रधानमन्त्रीको सचिवालयका अनुसार प्रधानमन्त्री कार्कीले राजदूत चाङलाई बधाई ज्ञापन गर्दै कार्यकाल सफलताका लागि शुभकामना व्यक्त गरिन् । साथै उनले राजदूतले प्राप्त जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्ने र २ देशबीचको मित्रवत् सम्बन्धलाई अझै उचाइमा पुऱ्याउने महत्त्वपूर्ण भूमिकामा सफल हुने विश्वास व्यक्त गरिन् ।

चिनियाँ राजदूत चाङले प्रधानमन्त्री कार्कीलाई मुलुकमा शान्ति, सुरक्षा र कानुनको शासन बहाल गरी शान्तिपूर्ण वातावरणमा निर्वाचन हुने सुनिश्चितता भएको भन्दै बधाइ ज्ञापन गरे । नेपालको यस प्रक्रियामा चीनको साथ र सहयोग रहेको पनि उनले बताए । प्रधानमन्त्री कार्कीले पनि नेपालको लोकतान्त्रिक प्रक्रियाको महत्त्वपूर्ण हिस्सा निर्वाचनमा चीनबाट प्राप्त सदासयता र सहयोगका लागि कृतज्ञता ज्ञापन गरिन् । साथै विकासका विभिन्न परियोजनामा चीनबाट प्राप्त सहयोग र साझेदारीका अवसरहरूप्रति नेपाल र नेपाली जनताका तर्फबाट आभार पनि व्यक्त गरिन् ।

प्रधानमन्त्री कार्की र चिनियाँ राजदूतले दुवै देशका जनताले मनाउँदै आएका चिनियाँ नयाँ वर्षका अवसरमा शुभकामना पनि आदानप्रदान गरेका थिए । संस्कृति, भूगोल र ऐतिहासिक सम्बन्धले दुवै मुलुकलाई कसिलोसँग जोडेको सन्दर्भ उल्लेख गर्दै प्रधानमन्त्री कार्कीले नेपाल पञ्चशीलको सिद्धान्तमा अडिग रहेको, एक चीन नीति अवलम्बन गर्दै आएको र निकट छिमेकी मुलुकको अहितमा कुनै पनि गतिविधि हुन नदिनेमा पनि सदाझैं स्पष्ट रहेको बताइन् ।

एउटा मुलुकमा अस्थिरता हुँदा अर्कोमा पनि समस्या हुन सक्ने भन्दै उनले क्षेत्रीय शान्ति र स्थायित्वका निम्ति पनि आपसी सहकार्य मजबुत बनाउँदै लैजानुपर्नेमा जोड दिइन् । चिनियाँ राजदूतले नेपाल सरकारको नीति र अडानका लागि चिनियाँ जनता र राष्ट्रपतिकातर्फबाट हार्दिक कृतज्ञता ज्ञापन व्यक्त गरे ।


**बोलपत्रद्वारा ढलापडा रुखहरु कटान, मुछान, ढुवानी तथा घाटगद्दी सम्बन्धि सूचना**

**दोस्रो पटक सूचना प्रकाशन मिति २०८२।११।१६**

रंगपुर साझेदारी वन उपभोक्ता समूह, चन्द्रपुर-६, डाबरी, रौतहटको वन क्षेत्रमा विभिन्न जातका ७९० वटा ढलापडा रुखहरु छपान भई प्रति क्यू.फि. रु. १३८.२५ का दरले १७३२७.५५ क्यू.फि. काठ तथा प्रति चट्टा रु. १३००० का दरले २५.७३ चट्टा दाउरा (कटान मुछान पश्चात परिमाणमा घटबढ हुन सक्ने) कटान, मुछान, ढुवानी गरी तोकिएको स्थानमा घाटगद्धी गर्ने कार्यका लागि ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले यो सूचना प्रकाशन गरिएको छ । इच्छुक व्यक्ति, सङ्घ संस्था, फर्म वा कम्पनीले यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धि विस्तृत जानकारीको लागि यस साझेदारी वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण ब्यहोराको सूचना यस साझेदारी वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री रंगपुर साझेदारी वन उपभोक्ता समूह**
**चन्द्रपुर न.पा. वडा नं. ६, रौतहट**
**9855042990, 9857629900**



**नमोबुद्ध नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
भकुण्डेबेसी, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

**पुनः बोलपत्र (Re-Bid) आव्हानको सूचना**

सूचना प्रकाशन मितिः २०८२/११/१७

यस नगरपालिकाबाट निम्न योजनाको लागि मिति २०८२।१०।१३ e-bid मार्फत बोलपत्र आह्वान गरिएकोमा म्याद भित्र कुनै पनि online bid पेश भएको नदेखिएकोले हुँदा इच्छुक फर्म, कम्पनीले यो सूचना प्रकाशित भएको मितिले १६औं दिनको १२:०० बजे भित्र पुनः बोलपत्र (Online Re-Bid) पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । विस्तृत विवरण सहितको सूचनाको लागि www.bolpatra.gov.np/egp, तथा यस कार्यालयको वेबसाईट www.namobuddhamun.gov.np मा हेर्न सकिनेछ ।

**तपसिलः**

| ठेक्का नं. | कार्यको विवरण | लागत अनुमान भ्याट र पी.एस. सहित | धरौटी रकम | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|
| NMUN/NCB/ WORKS/09/082/83 (re-tender) | Construction Of Medical Store For Health Section at Namobuddha Municipality | NRs. 33,56,368.38 | NRs. 90,000.00 | NRs. 3,000.00 |
| बैङ्क खाता नं. | **Name of the Bank: Rastriya Banijya Bank Ltd., Bhakundebesi Branch**<br>**Office Name: Namobuddha Municipality Office**<br>**Office Code: 801032602**<br>**Rajswo Shirshak: 14219**<br>**Rajaswa (revenue) account no (for bid fee): Ga-1-1-1540100301010002**<br>**Dharauti Account No. (For Bid Security): Ga-3-1540100303000002** | | | |

**प्रमुख प्रशासकीय अधिकृत**



**बोगटान फुड्सिल गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**चवाराचौतारा डोटी सुद्रपश्चिम प्रदेश, नेपाल**

**वोलपत्रको आशय पत्र सम्बन्धी सूचना**

**प्रकाशित मिती: २०८२।११।१६**

यस बोगटान फुड्सिल गाउँपालिका गाउँ कार्यापालिकाको आ.व. २०८२/०८३ को बजेट तथा कार्यक्रम अन्तर्गत Procurement for Supply and Delivery of Stationary and Miscellaneous items कार्यका लागी मिति २०८२/०९/१५ गते प्रथम पटक र मिति २०८२/१०/१५ गते दोस्रो पटक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसारको न्यूनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राहि देखिन आएको तपसिल बमोजिमको बोलपत्र स्विकृतका लागि छनौट भएको हुदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ।

तपसिल :

| ठेक्का न. | कामको विवरण | सप्लाएर्स | कबोत रकम (VAT बाहेक) |
|---|---|---|---|
| | Procurement for Supply and Delivery of Stationary and Miscellaneous items | Salghari Enterprise Pvt. Ltd. | 8,45,245.00 |

**प्रमुख प्रशासकिय अधिकृत**